# ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले गर्नुपर्ने कबुलियतनामा

श्री पर्यटन कार्यालय,

धरान, सुनसरी।

मैले/हामीले त्यस कार्यालयमा ट्राभल/ट्रेकिङ्ग एजेन्सी सञ्चालन गर्न मिति ..................... मा दरखास्त दिएकोमा पर्यटन विकास ऐन, २०७६ र पर्यटन विकास नियमावली, २०७७ बमोजिम त्यस कार्यालयबाट इजाजतपत्र प्रदान गरिने भएकोले देहाय बमोजिमका शर्तहरूको अधिनमा रही ट्राभल/ट्रेकिङ्ग एजेन्सी सम्बन्धी कारोबार गर्नेछु/छौं। देहायका शर्तहरू पालना नगरेमा पर्यटन विकास ऐन, २०७६ तथा अन्य प्रचलित कानून बमोजिम कारवाही गरिएमा मलाई/हामीलाई मञ्जुर छ।

शर्तहरू

१. ट्राभल/ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रमा तोकिएको अवधि समाप्त हुन अगावै इजाजतपत्र नवीकरण वापत लाग्ने दस्तुर तिरी नवीकरण गराउनेछु/गराउनेछौं। म्यादभित्र नवीकरण नगराएमा मैले/हामीले प्राप्त गरेको इजाजतपत्र बदर हुने कुरामा मञ्जुर छु/छौं।

२. पर्यटन विकास ऐन तथा नियमावलीले निर्दिष्ट गरेको आवधिक/वार्षिक प्रतिवेदन तोकिएको समयभित्रै कार्यालयमा पेश गर्नेछु/गर्नेछौं। म्यादभित्र प्रतिवेदन पेश नगरे वा म्याद गुजारेर प्रतिवेदन पेश गरे नियमानुसार लाग्ने जरिवाना तिर्न बुझाउन मञ्जुर छु/छौं।

३. नेपाल सरकार, प्रदेश सरकारले निषेधित भनी घोषित गरेको क्षेत्र बाहेक अन्य क्षेत्रमा मात्र ट्राभल/ट्रेकिङ्ग गराउने छु/छौं।

४. कुनै पनि पर्यटकसँग वा नेपाल सरकारसँग वा पर्यटन व्यवसायीसँग सम्बन्धित कुनै स्वदेशी वा विदेशी व्यवसायी वा संस्थासँग कुनै किसिमको कारोवार गर्दा वास्तविक रूपमा तिर्न बुझाउन पर्ने रकम तिर्ने बुझाउनेछु/छौं वा सो सम्बन्धमा कानूनी लिखतद्वारा आवश्यक व्यवस्था मिलाउनेछु/छौं। सो बमोजिम कार्यालयलाई मनासिव रूपले चित्त बुझ्दो व्यवस्था गर्न नसकेमा त्यस कार्यालयको नाममा यस एजेन्सीको तर्फबाट राखिएको रु. १,००,०००/- (अक्षरेपी एक लाख रुपैयाँ) बैंक ग्यारेन्टीबाट त्यस्तो रकम कट्टा गरी लिएमा मञ्जुर छ। त्यसरी काटिए बराबरको रकम पैंतिस दिनभित्र पुनः बैंक ग्यारेन्टीको रूपमा दाखिला गर्नेछु/छौं।

५. प्रचलित कानून अनुसार नेपाल सरकार र प्रदेश सरकारलाई तिर्नुपर्ने सबै किसिमका कर रकम कानूनले निर्धारण गरेको अवधिभित्र तिर्नेछु/छौं। कर तिरेको रसिद कार्यालयले खोजेको बखत पेश गर्नेछु/छौं।

६. ट्राभल/ट्रेकिङ्ग गर्दा गराउँदा सम्बन्धित कामको लागि नियुक्त कामदारको मात्र सेवा लिनेछु/छौं।

७. कामदारलाई काममा लगाउँदा काम गर्ने अवधिको लागि तोकिएको ढाँचामा करार गराएर मात्र काममा लगाउनेछु/छौं।

८. हाल विद्यमान बैंक ग्यारेण्टी र नवीकरण दस्तुरको व्यवस्थामा थपघट भएमा सोही अनुसार गर्नेछु/छौं।

९. ट्राभल/ट्रेकिङ्ग कार्य गर्दा, गराउँदा एजेन्सी वा पर्यटकहरूले पालना गर्नुपर्ने दुर्घटना बिमा, वातावरणीय सरसफाइ, फोहोरमैला व्यवस्थापन सम्बन्धी तथा ऐन, नियमले तोकेको अन्य व्यवस्थाहरूको पूर्ण पालना गर्नेछु/छौं।

ट्राभल/ट्रेकिङ्ग एजेन्सीको तर्फबाट कबुलियत गर्न अधिकार प्राप्त व्यक्तिको

नामः-

दस्तखतः-

एजेन्सीको पुरा नामः-

ठेगानाः- मोबाइल नं.-

मितिः-